# मानव तथा राष्ट्रिय विकास समाज (HANDS) नेपाल सिन्धुली
## कमलामाई नगरपालिका वडा नं. ६ ,सिन्धुली

## सिलवन्दी टेण्डर आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८ श्रावण १ गते शुक्रबार**

मानव तथा राष्ट्रिय विकास समाज (HANDS) नेपाल सिन्धुली र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा संचालित **"Increase Resiliency of the community to recover from COVID- 19 effect"** परियोजना अन्तर्गतका कार्यक्रमहरु सिन्धुली जिल्लाका ५ स्थानीय तहमा संचालन भइरहेकोले कोभिड -१९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा सहयोगको लागि स्वास्थ्य सामाग्रीहरु खरिद गर्न आवश्यक भएकोले मान्यता प्राप्त फर्म / सप्लायर्सले देहाय अनुसारका शर्तहरुको अधिनमा रही सिलवन्दी टेण्डर पेश गर्न सिलवन्दी टेण्टर आह्वान गरिन्छ ।

**शर्तहरु**

१. सूचना प्रकासन भएको मितिले १५ (पन्ध्रौ) औं दिनको १ :०० बजे सम्म सिलवन्दी टेण्डर फारम खरिद गर्न सकिने छ । खरिद गर्दा अनिवार्य रुपमा कार्यालयमा वा इमेल मार्फत आधिकारीक निवेदन दिई रु. १,०००। को रसिद काटी वा मानव तथा राष्ट्रिय समाज को राष्ट्रिय बाणिज्य बैक सिन्धुली शाखामा रहेको चल्ती खाता नं. १०६०१०००१५८८७००१ मा जम्मा गर्न सकिने छ ।

२. टेण्डर फाराम प्राप्त गर्ने वा पेश गर्ने कार्यका लागि फर्म दर्ताको प्रमाण पत्र, कर चुक्ता भएको कागजातको प्रतिलिपि, भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा नविकरणका कागजात इमेल मार्फत वा कार्यालयमा पेश गर्न हुन सुचित गरिन्छ ।

३. यस परियोजना अर्न्तगत खरिद गर्ने स्वास्थ्य समाग्रीको विवरण सूची सिलबन्दी टेण्डर फाराममा उल्लेख गरिएको छ । उक्त फारम कार्यालयमा वा इमेल ठेगानामा सर्म्पक गरि प्राप्त गर्न सकिने छ ।

४. सिलवन्दी टेण्डर पेश गर्ने फर्म/ सप्लायर्सले सिलवन्दी टेण्डरमा भएका सबै आइटमको मूल्य अंक र अक्षरमा स्पष्ट उल्लेख गरि कार्यालयमा वा स्कानीङ्ग गरी इमेल मार्फत पठाउन सकिने छ । स्कानीङ्ग कपीको फाइल बनाई सुरक्षाको लागि आफ्नो पासवोर्ड राखि पेश गर्नु पर्ने छ । पासवोर्ड नराखि पेश गरेको फारमलाई मान्यता दिन जरुरी छैन । कोभिड १९ को सक्रमण रहेकोले स्कानीङ्ग कपीलाई आधिकारीक मानीने छ ।

५. शिलबन्दी टेण्डर बुझाउने, पेश गर्ने वा दर्ताको अन्तिम मिति सूचना प्रकाशित भएको १६ (सोह्रौं) दिन १२ :०० बजे सम्म मात्र हुनेछ ।

६. पेश भएका सिलवन्दी टेण्डर फारम सूचना प्रकासन भएको मितिले १६ (सोह्रौं) दिन दिनको २:०० बजे संस्थाको कार्यालयमा खोलिने छ । फर्म /सप्लायर्सका प्रतिनिधिहरु उपस्थित नहुदा पनि टेण्डर खोल्न कुनै बाधा हुने छैन ।

७. सिलबन्दी टेण्डर फारम पेश गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्न र खोल्न सकिने छ ।

८. म्याद नाघि आएका वा रित नपुऱ्याई पेश भएका सिलवन्दी टेण्डर माथि कुनै कारवाही गरिने छैन ।

९. एक व्यक्ति, फर्म/सप्लायर्सको नाममा एकमात्र सिलवन्दी टेण्डर पेश गर्न सकिने छ ।

१०. संस्थाले खरिद गर्ने समाग्रीहरु सुचना प्रकासित भएको मितिले १ वर्षका लागि आह्वान गरिएको छ । यसै सिलबन्दी टेण्डरमा उल्लेखित दररेटलाई आधारमानी सप्लायर्सले १ आर्थिक वर्षका लागि उक्त सामाग्री सोही दररेटमा उपलब्ध गराउनु पर्ने छ । खरीद गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुनेछ ।

११. सिलवन्दी दरभाउ पत्रमा उल्लेखित सामाग्री आंशिक खरिद गर्ने वा पुरा खरिद गर्ने तथा पेश भएका फर्म /सप्लायर्स मध्ये छनौट गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुने छ ।

१२.समाग्री खरिद गर्दा वा फर्म सप्लायर्स छनौट गर्दा मूल्यका अतिरिक्त उच्च गुणस्तर, ब्राण्ड लाई आधारमानी खरिद गर्न सकिने छ ।

१३. टेण्डर पेस गर्ने फर्म/सप्लायर्सले आफुले कबोल गरेको जम्मा रकमको २.५ प्रतिशत रकम Bid amount को रुपमा मानव तथा राष्ट्रिय समाज को राष्ट्रिय बाणिज्य बैक सिन्धुली शाखामा रहेको चल्ती खाता नं. १०६०१०००१५८८७००१ मा जम्मा गरी भौचर फारम सहित पेश गर्नु पर्ने छ ।

१४. माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कारण नजनाइ दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस संस्थामा निहित रहने छ ।

१५. यस सम्वन्धमा थप जानकारी लिनु परेमा कार्यालय समय भित्र ०४७-५२०९६७ मा सम्पर्क गर्न सकिने छ ।

१६. संस्थाको आधिकारीका इमेल dudhaulihandsnepal@gmail.com बाट सिलवन्दी टेण्डर फारम प्राप्त गर्न र पेश गर्न सकिने छ ।